# राष्ट्रिय सूचना आयोगको पाँच वर्षे राष्ट्रिय रणनीतिक योजना

## १. पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालमा सूचनाको हक सम्बन्धी संवैधानिक व्यवस्था गरेको छ। उक्त संविधानको धारा १६ मा नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अधिकारको व्यवस्था थियो। नेपालको अन्तरिम संविधान, २०६३ मा सूचनाको हकको दायरा विस्तार गरी आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा व्यवस्था गरियो। यो संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सोको नियमावली, २०६५ जारी भई कार्यान्वयनमा रहेको छ। वि. सं. २०७२ मा जारी भएको नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरिएको छ। साथै धारा २८ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनियता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भन्ने गोपनियता सम्बन्धी हकको व्यवस्था गरिएको छ।

सर्वप्रथम स्वीडेनमा सन् १७६६ मा जारी भएको Freedom of Press Act बाट शुरू भएको सूचनाको हक सम्बन्धी व्यवस्था हालसम्म विश्वका ३० भन्दा बढी देशको संविधान तथा करिब १४० देशमा ऐन तर्जुमा गरी लागू भएको छ। लोकतन्त्रको सुदृढीकरण र प्रजातान्त्रिक संस्थाहरूको विकासका लागि सूचनाको हकको अपरिहार्यतालाई विश्वका धेरै देशहरूले अंगीकार गरेको पाइन्छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ को उपदफा (१) मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने छ भन्ने व्यवस्था भएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने व्यवस्था गरेको छ। यस व्यवस्थाबाट नेपालले सूचनाको हकको विश्वव्यापी मान्यता र सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ। सूचनाको हकको कार्यान्वयनबाट कानूनी राज्यको अवधारणा लागू हुने, सुशासन, खुला र पारदर्शी सरकार, सशक्त र चेतनशील नागरिक समाज, भ्रष्टाचार नियन्त्रण तथा सामाजिक न्यायको प्रत्याभूति जस्ता आधुनिक लोकतान्त्रिक राज्यको मुख्य जिम्मेवारी निर्वाह गर्न सम्भव रहेको कुरा विश्वका अरू देशमा भएका अध्ययन र अनुसन्धानबाट प्रमाणित भइसकेका छन्। सूचनाको हकलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नागरिक, नागरिक समाज, सञ्चार जगत, सम्पूर्ण सार्वजनिक निकाय सबै नै सशक्त, चेतनशील, जागरूक र जिम्मेवार हुन आवश्यक देखिन्छ।

आयोगले पहिलोपल्ट सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिको कार्ययोजना (National Strategic Plan of Action on RTI 2013-2018) तर्जुमा गरी लागू गरेको थियो। सन् २०१३ को जनवरीदेखि डिसेम्बरसम्म सञ्चालन भएको सूचनाको हकको कार्यान्वयनमा सुधार गर्ने (Improvement in the Implementation of RTI) एक वर्षे रणनीतिक कार्यक्रमले मद्दत गरेको थियो। यसैबीच रणनीतिक कार्ययोजना २०१३–२०१८ को दुई वर्षको कार्यान्वयनको समीक्षा गर्दै केही थप र अद्यावधिक गरी रणनीतिक कार्ययोजना २०१५–२०२० तर्जुमा गरी लागू गरियो। त्यसैगरी हाल सूचनाको हकको रणनीतिक योजना २०२१-२०२५ कार्यान्वयनमा रहेकोमा २०८२ पौष १६ गतेबाट यो योजनाको अवधि समाप्त भएको छ। राष्ट्रिय

सूचना आयोगले आफ्नो स्थापनादेखि नै योजनावद्ध नीति र कार्यक्रमहरूको आवश्यकता महसुस गरी सूचनाको हकलाई निर्दिष्ट उपलब्धी प्राप्त गर्न सक्ने गरी कार्य योजना बनाउँदै आएको छ।

यस सन्दर्भमा सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलनका गरी पारदर्शिता, उत्तरदायित्व र सुशासन कायम गर्न वाञ्छनीय रहेकोले राष्ट्रिय सूचना आयोगले वि. सं. २०८३-२०८८ सम्मको लागि यो राष्ट्रिय रणनीतिक योजना जारी गरेको छ।

## २. राष्ट्रिय रणनीतिक योजना

### २.१ दूरदृष्टि (Vision)

सुसूचित तथा पारदर्शी समाज।

### २.२ ध्येय (Mission)

सूचना संस्कृति मार्फत उन्नत लोकतन्त्र सहितको सहभागितामूलक समाजको विकास।

### २.३ लक्ष्य (Goal)

सहज सूचना प्रवाह मार्फत पारदर्शिता र सुशासनको सुनिश्चितता गर्ने।

### २.४ उद्देश्य (Objective)

२.४.१ सूचनामा नागरिकको सहज पहुँच तथा सचेतना अभिवृद्धि मार्फत् खुला र पारदर्शी समाज निर्माण गरी सुशासन कायम गराउनु।

२.४.२ सार्वजनिक निकायका काम कारवाही तथा सेवा प्रवाहलाई जनमुखी, उत्तरदायी, खुला, पारदर्शी र प्रविधिमैत्री बनाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउनु।

२.४.३ आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त व्यावसायिक र प्रतिष्ठायुक्त संस्थाको रूपमा पहिचान दिलाउनु।

२.४.४ प्रवर्द्धकलाई सूचनाको हकप्रति सबल र सक्षम बनाउन क्षमता अभिवृद्धि गर्नु।

### २.५ रणनीतिहरू (Strategies)

आयोगको पञ्चवर्षीय रणनीतिक योजना २०८३-२०८८ को कार्यान्वयनमा सूचनाको हकका माग पक्ष, आपूर्ति पक्ष, आयोग, सूचनाका हकका मागकर्ता र आमसञ्चार माध्यमको सक्रिय र सशक्त भूमिका रहन आवश्यक छ। प्रस्तुत रणनीतिहरू एक अर्काका परिपूरक र अभिन्न अङ्गको रूपमा रहेकाले कार्यक्रमहरूमा सहकार्य एवम् साझेदारी तथा सहयोग र समन्वयमा मात्र सम्पन्न हुनसक्ने विश्वास गरिएको छ।

रणनीति २.५.१ नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहित र सशक्तिकरण गर्ने।

रणनीति २.५.२ सार्वजनिक निकायलाई अभिमुखीकरण तथा सुदृढीकरण गर्ने।

रणनीति २.५.३ आयोगको संस्थागत क्षमता अभिवृद्धि तथा अन्तर निकाय समन्वय गर्ने।

रणनीति २.५.४ सूचनाको हकका प्रवर्द्धकहरूलाई प्रोत्साहन, सहजीकरण, सशक्तिकरण तथा सम्वर्द्धन गर्ने।

## ३. राष्ट्रिय रणनीति कार्यान्वयन कार्ययोजना

यो रणनीति कार्यान्वयनको लागि रणनीतिक उद्देश्य, क्रियाकलापहरू, जिम्मेवार निकाय, सहयोगी निकाय, अनुगमन तथा मूल्याङ्कन सूचक सहितको कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ।

## ४. राष्ट्रिय रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट

यो रणनीति कार्यान्वयनका लागि लागत अनुमान सहितको ५ (पाँच) वर्षको बजेट समेत प्रक्षेपण गरिएको छ।